आज मिति २०७५ साल पौष ०३ गते विहान ८: ०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री विशकसेन ढकाल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

निर्णय नं.१

मनहरी गांउपालिका अन्तरगत रहेका सामुदायीक बिधालयहरुको आ.ब. ०७४/०७५को आर्थिक कारोबारको अन्तिम लेखापरिक्षण गराउने प्रयोजनको लागि ईच्छुक दर्तावाल लेखापरिक्षकहरुलाइ यस कार्यालयमा दर्ता हुन सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.२

आ.ब. ०७५/०७६को लागी प्रदेश कानुन बमोजिम रोडा/ढुङ्गा/बालुवा लगायत नदिजन्य पदार्थको प्रदेश कानुन बमोजिम घाटगढी तथा निकासि शुल्क अमानतमा संकलन गर्ने प्रयोजनमा हुने व्यवस्थापन खर्चमा बिनियोजित रकम अपुग भएको र कानुन बमोजिम प्रारम्भिक बाताबरणिय परीक्षण गर्न समेत लागत अनुमान बमोजिम भुक्तानि गर्न बजेटमा रकम बिनियोजन नभएकोले गत बर्षको कन्टीन्जेन्सी कट्टाबाट बांकी रकमबाट बिनियोजन गरि खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.३

कार्यालयको सरकारी आर्थिक कारोबार नेपाल बैंक लि. सिटी अफिस हेटौडाबाट संचालन हुदै आएकोमा हाल सिटीजन ईन्टरनेशनल बैंक मनहरी शाखाले कार्यालय रहेको स्थान मनहरी ९ रजैयामा काउन्टर खोली सरकारी कारोबार गर्न नेपाल राष्ट बैंकबाट अनुमति प्राप्त गरेकोले सोही बैंकमा राजस्व,बिनियोजन,धरौटी,अबिभाज्य लगायत चालु तथा पूंजीगत खाता खोलि सबै आर्थिक कारोबार सोही बैंकबाट संचालन गर्ने निर्णय गरियो ।साथै नेपाल बैंक लिमिटेड सीटी अफिस हेटौंडामा रहेको तपशीलका सबै खाता बन्द गरी त्यस खाताका मौज्दातहरु सीटीजन बैंकमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं | खाताको नाम | खाता नं | कैफियत |
|---|---|---|---|
| १ | संचित कोष | ०२५०३०००००००००४००१००६ | बन्द गरि रकम सीटीजन बैंकमा ट्रान्सफर गर्ने |
| २ | पूंजीगत खर्च खाता | ०२५०३०००००००००२००२०५५ | बन्द गरि रकम संचित कोष खातामा फिर्ता गर्ने |
| ३ | चालु खर्च खाता | ०२५०३०००००००००२००१०५७ | बन्द गरि रकम संचित कोष खातामा फिर्ता गर्ने |
| ४ | धरौटी खाता | ०२५०३०००००००००३००००१२ | बन्द गरि रकम संचित कोष खातामा फिर्ता गर्ने |
| ५ | बिभाज्य खाता | ०२५०३०००००००००४००२००१ | बन्द गर्ने |
| ६ | कर्मचारी कल्याण कोष खाता | ०२५०३०००००००००५००१०११ | बन्द गरि रकम सीटीजन बैंकमा ट्रान्फर गर्ने |

निर्णय नं.४

बर्षको बाढीबाट पिडित वडा नं ४ का बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न उपयुक्त जग्गा छनौट गर्न सिफारिस गर्न गठित समितिले स्थलगत अध्ययन गरि सिफारिस गरेको तपशीलको जग्गा प्राप्ती गरी बस्ति तरण गर्न आबस्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

अध्यक्ष

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

तपशील:

| सि.नं. | वडा नं | स्थान | जग्गा क्षेत्रफल | कैफियत |
| --- | --- | --- | --- | --- |
| १ | ३ र ४ को सिमाना | झोलुङ्गे पुल | १३.२४ हेक्टर | |
| २ | ४ | ट्वाङ्गरा कबुलियती बन समुहको क्षेत्र भित्र | ९ हेक्टर | |

निर्णय नं.५

कार्यालयबाट भवन निर्माण ईजाजत जारी गर्ने सिलसिलामा अभिलेखिकरण तर्फ मिति२०७५/०४/०१ भन्दा अगाडी बनेका भवनहरु अभिलेखिकरण गर्न ईच्छुक घरधनीहरुलाइ मिति२०७५/११/१५ सम्म नियमानुसार अभिलेखिकरण गर्न सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.६

सर्बोच्च अदालतबाट मिति २०७५/०८/०७ मा यस कार्यालयलाइ समेत बिपक्षि बनाइ दायर मुद्धाको म्याद तामेल भइ जानकारी भएको मुद्धाःउत्प्रेषण परमादेश दर्ता नं २०७४-WO-०३१२ को लिखित जवाफ पेश गर्ने प्रयोजनको लागी यस कार्यालयका कानुनी सहजकर्ता श्री रेखा सापकोटालाइ अख्तियारी दिइ सम्मानित अदालतमा उपस्थितिको लागी पठाउने गर्ने निर्णय गरियो ।

निर्णय नं.७

कृषि बिकाश कार्यक्रम अन्तर्गत तरकारी बिउ खरीदका लागी बिनियोजीत रकम रु.१ लाखबाट धनेश्वर कृषक समुह वडा नं ७ लाई रु. ५० हजार सम्म,ऋषेश्वर कृषक समुह वडा नं ४ र लामिटार कृषक समुह वडा नं ३ लाई रु.२५/२५ हजार सम्म भुक्तानी हुने गरि ५० प्रतिशत अनुदान रकम(त्यतिनै रकम समुहले व्यहोर्ने गरी) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.८

गांउपालिकाको कार्यपालिका भवन बनाउन मनहरी ९ हरीयालि सामुदायीक बन क्षेत्रको महेन्द्र राजमार्गको करीब ५० मी. उत्तर रहेको करीब १० कठ्ठा क्षेत्रफलको सरकारी पर्ति ऐलानी जग्गा प्राप्तीकोलागी आबस्यक कानुनी प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।साथै वडा कार्यालय भवन बनाउन उपयुक्त स्थानमा जग्गा दान गर्न ईच्छुक दाताहरुबाट जग्गा प्राप्तीकोलागी आबस्यक कानुनी प्रकृया अगाडी बढाउन सम्बन्धित वडा सचिबहरुलाइ अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं ९

बस्ती बचाउ कार्यक्रमबाट बिनियोजित रु. २५ लाख भन्दा बढीका ग्याबियन जाली भर्ने लगायत तटबन्ध निर्माण कार्यका लागि आबस्यक तार जाली कार्यालयबाट ठेक्का बन्दोबस्ती गरि ढुङ्गा भर्ने लगायत श्रममुलक काम उपभोक्ताबाट हुने गरि योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँदैया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

निर्णय नं १०

वडागत रुपमा बिधुतिकरणका लागी बिनियोजित रकमबाट पोल ट्रान्सफर्मर तार लगायत खरीद कार्य र सोको जडान लगायत आबस्यक सबै कार्य नेपाल बिधुत प्राधिकरण संगको साझेदारी तथा समन्वयमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ११

तपशील बमोजीम बिभिन्न पिडित तथा उपचाररत व्यक्तिहरुलाइ आर्थिक सहायता प्रदान गर्ने  निर्णय गरियो ।

| सि.नं | नामथर | ठेगाना | बिषय | रकम | शीर्षक |
|---|---|---|---|---|---|
| १ | देबराज भुजेल | मनहरी ७ | खोलाले बगायर मृत्यु | १०००० | बिपद व्यबस्थापन |
| २ | बिरबहादुर स्याङ्गतान | मनहरी ८ | क्यान्सर पिडित | २५००० | आर्थिक सहायता |
| ३ | सुकुमाया मुक्तान | मनहरी ४ | पेट सम्बन्धी रोग | १०००० | आर्थिक सहायता |
| ४ | कमलामाया प्रजा | मनहरी ७ | पाठेघर क्यान्सर | २५००० | आर्थिक सहायता |
| ५ | माया मुक्तान | मनहरी ८ | मृगौला रोगी | २५००० | आर्थक सहायता |

निर्णय नं १२

मनहरी गांउपालिकाको वडा नं ६ मा रहेको शसस्त्र प्रहरी बल आई.आर.टी.पोष्ट कत्लेखोलामा रहेको सार्बजनिक खालि जग्गामा आपतकालिन उद्धारका लागी एक टहरो निर्माण गर्नकालागी बिपद व्यबस्थापन कोषबाट रु.३५००००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १३

वडा नं ७ देखि ९ सम्मको राजमार्ग क्षेत्रमा क्रसर लगायतबाट निश्कने धुवां धुलोले पुर्याएको बाताबरणीय असर कम गर्न पानी टंयाङ्की जडान गरि दैनिक धुलो व्यबस्थापनकालागी सवारी साधन खरीद शीर्षकमा बचत भएको रकमबाट तत्काल एक थान ठुलो टयाक्टर खरीद गर्ने निर्णय गरियो ।

निर्णय नं १४

गांउपालिका स्तरीय दलित,आदिबासी जनजाती,महिला,अपाङ्गता सरोकार जस्ता आधिकारीक समिति गठन र सोको परिचालनको लागी कार्यबिधिको आबस्यकता पर्ने हुंदा सो सम्बन्धी बिज्ञको परामर्श लिइ आबस्यक कार्यबिधीको मस्यौदा तयार गर्न चालु खर्च शीर्षकबाट रु.५००००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १५

मनहरी वडा नं ६ रुपाचुरीमा बिधुतिकरण सुधार तथा काठे पोल बिस्थापन गर्न प्राधिकरणबाट प्राप्त सिमेन्ट पोल ढुवानी तथा लोड अनलोड गर्ने कार्यमा भएको खर्च रु.७४६००। भुक्तानी पांउभनि मनहरी ६ रुपाचुरीका मकरलाल रुम्बाले दिएको निबेदनमा संलग्न भरपाइ बमोजिमको रकम मर्मत संम्भार कोषबाट बिनियोजन गरि भुक्तानि दिने निर्णय गरियो । साथै सोहीकामको अनुगमनका लागी जांदा भएको खर्च रु.६१५०। समेत सोही शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

पुष्कराज जोशी
अध्यक्ष

निर्णय नं १६

मनहरी वडा नं ९ स्थित गैरीगांउ खानेपानी आयोजनाको साबिक ईनार सुक्न गइ नयां ईनार खनि खानेपानीको आपुर्ति सुचारु गर्न तथा सोको मर्मत सम्भार गर्न मर्मत सम्भार कोषबाट रु.१०००००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १७

कर्मचारी समायोजन अध्यादेश २०७५ को दफा ६ को उपदफा ४ बमोजीम यस गांउपालिका अन्तरगत साबिकका स्थानिय स्थानिय निकाय मनहरी गा.बि.स. र हांडीखोला गा.बि.स.बाट स्थायी नियुक्ति पाइ यस कार्यालय वा अन्तरगत कार्यरत तपशीलका कर्मचारीलाइ लाइ निजहरुको हालको तहबमोजिम यसै कार्यालयमा समयोजन गरिएको पत्र तयार गरि उपलब्ध गराउने ।

तपशीलः

| सि.नं | कर्मचारीको नामथर | हालको पद | समायोजन गरिएको पद | कैफियत |
|---|---|---|---|---|
| १ | ठाकुरकुमार बर्तौला | सहायक स्तर पाचौं | सहायक स्तर पाचौं | |
| २ | बिदुर पाठक | सहायक तेस्रो मुखिया | सहायक तेस्रो मुखिया | |

एकराज उप्रेती
अध्यक्ष

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत